# जीवनको रोटी र पानी



## शबाथ दिउँसो

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *प्रस्थान १५:२२-१६:३६; उत्पत्ति ३:१-६; प्रस्थान १७:१-७; १ कोरन्थी १०:४; प्रस्थान १८:१-२७; १ कोरन्थी १०:११।*

**याद गर्नुपर्ने पद:** **"तब परमप्रभुले मोशालाई भन्नुभयो, 'कहिलेसम्म तिमीहरू मेरा आज्ञा र मेरा आदेशहरू मान्न अस्वीकार गर्नेछौ? याद राख, कि परमप्रभुले तिमीहरूलाई शबाथ दिनुभएको छ। यसैकारण परमप्रभुले तिमीहरूका निम्ति छैटौँ दिनमा दुई दिनको भोजन दिनुहुन्छ। सातौँ दिनमा तिमीहरू हरेक जहाँ छौ त्यहीँ नै बसिरहनू, कुनै पनि मानिस आफ्नो डेराबाट बाहिर नजाओस्।' यसकारण मानिसहरूले सातौँ दिनमा विश्राम गरे"** *(प्रस्थान १६:२८-३०)*।

मिश्रदेश छाडेपछि इस्राएलीहरू प्रतिज्ञा गरिएको देशमा अपरिचित ठाउँ भएर यात्रा गर्न थालेका थिए। तिनीहरूका लामो यात्रा सजिलो थिएन। तिनीहरूले धेरै नयाँ पाठहरू सिक्नुपरेको थियो। प्रभुले तिनीहरूलाई अगुवाइ र हेरचाह गर्नुहुनेथियो। तिनीहरू विश्वासमा बढेका प्रभु चाहनुभएको थियो। तिनीहरू अनुशासनमा रहने, आत्म-नियन्त्रण, त्याग, निस्वार्थीपन, प्रभुमा भरोसा राख्ने र उहाँका आज्ञा मान्ने पाठहरू सिक्नुपरेको थियो।

मोशा तिनीहरूका लागि प्रत्यक्ष अगुवा थिए। यदि इस्राएलीहरू विजयी जीवन बिताउन चाहे भने तिनीहरूले मोशाको नेतृत्वको पछि लाग्नै पर्दथ्यो। तिनीहरू एक भएर बस्नु अत्यन्तै महत्त्वपूर्ण र आवश्यक थियो। तिनीहरू समूदाय भएर एक आपस मिलेर सहयोग गर्नु आवश्यक थियो। धेरै बाधाहरू थिए र अगाडि चुनौतिहरू थिए। ती चुनौतिहरू तिनीहरूले कसरी सामना गर्छन् त्यसमा तिनीहरूका आत्मिक वृद्धि भर पर्थ्यो। जब तिनीहरूले ठूला चुनौतीहरूको सामना गरे तब तिनीहरूले मोशाका कुरा कसरी सुने त्यसमा तिनीहरूका जीवन अडिएको थियो।

प्रख्यात चाइनिज लोक कथन छ, "हजार माइलको यात्रा पहिलो कदमबाट सुरु हुन्छ।" यो तिनीहरूको परिस्थितिअनुसार सत्य थियो। तिनीहरूले प्रभुको निर्देशन कदम-कदममा मान्नुपर्दथ्यो। दुःखलाग्दो कुरो त यो छ कि तिनीहरूले ती पाठहरू सजिलैसँग सिकेका थिएनन्।

वास्तवमा कसले सिकेको छ र?

# तितो पानी

बाइबलमा धेरै पात्रहरूका विवरण प्रस्तुत गरिएका छन्। ती विभिन्न पात्रहरूले विभिन्न भूमिकाहरू खेलेका थिए। तिनीहरूमा असल पनि थिए र खराब पनि। रङ्गमञ्चमा तिनीहरूका भूमिकाहरूलाई ध्यान दिएर हेर्नुपर्छ। तिनीहरूले खेलेका भूमिकाका ठाउँ र समयलाई थाहा पाउनुपर्छ। तिनीहरू खलनायक हुन् कि असल नायकहरू हुन्, त्यसलाई नजिकै नियाल्नु आवश्यक छ। तर कथामा अत्यन्तै महत्त्वपूर्ण विषयवस्तुचाँहि समस्याहरूका समाधान कसरी भयो र त्यसबाट के पाठ सिकिएको छ। सबैबाट हामीले पनि पाठ सिक्न सक्छौं।

अहिले जुन कथाहरू हामीले हेरिरहेका छौं, त्यसमा परमेश्वर समस्याको समाधान गर्नुहुने र मेलमिलाप गराउनुहुनेको भूमिका खेलिरहनुभएको थियो, तर मानिसहरूका शङ्काको दाउपेचमा पर्दा परमेश्वरको कामलाई जटिल बनाइएको थियो। कति समयमा हिब्रूहरू निरन्तर गुनासो गरेका थिए। तिनीहरू अवज्ञा गरेर चलेका थिए। त्यसले गर्दा जटिल समस्याहरू खडा भएका थिए र तिनीहरू अनेकौँ विपत्हरू पनि भोग्न बाध्य भएका थिए। धेरै कठिन परिस्थितिहरू तिनीहरूका अविश्वास र पछुताव नगर्ने मिजासले ल्याएको थियो।

पढ्नुहोस्: **प्रस्थान १५:२२-२७ पढ्नुहोस्। लाल सागर पार भएपछि पहिला अलौकिक कामको पृष्ठभूमि के थियो?**

________________________________________

________________________________________

इस्राएलीहरूका पहिलो परीक्षा पानीसँग सम्बधित थियो। तिनीहरू कठोर, प्रचण्ड घाममा थिए। तिनीहरू सुक्खा बालुवा नै बालुवा भएको मरुभूमिको वातावरणमा परेका थिए। त्यसकारण, तिनीहरूलाई पानीको समस्यालाई भएकोमा हामी अचम्म मान्नुपर्दैन। तिनीहरू तिन दिन यात्रा

गरेपछि बल्लबल्ल पानी भेट्टाए। तर त्यो पानी पिउन नसक्ने थियो। *माराको* अर्थ "तितो" हो। त्यो पानी एकदम तितो थियो। प्रभुको रेखदेखमा भएका इस्राएलीहरूका विश्वास तुरुन्तै चकनाचूर भयो। तर तिनीहरूको प्रतिक्रियालाई परमेश्वरले करुणा देखाउनुभएको थियो। पहिलो अलौकिक काम दाउराको टुक्राद्वारा गरिएको थियो। दाउराले होइन तर प्रभुले नै पानी मिठो र पिउन सक्ने पार्नुभएको थियो। मानिसहरूले महत्त्वपूर्ण पाठहरू सिक्नुपरेको थियो: (१) प्रभुको समयलाई पर्खिने धैर्यता र (२) मानिससँग सहकार्य गरेर परमेश्वरले काम गर्नुहुन्छ।

तर जे भयो इस्राएलीहरूले त्यो मानौँ भाग्यको खेल भएको थियो भनेर सोचेका थिए, र तिनीहरूका लागि परमेश्वरले गर्नुभएको अनेकौँ अलौकिक कामहरू तिनीहरूले तुरुन्तै बिर्सेका थिए। उहाँका अलौकिक कामले गर्दा तिनीहरूले भर्खर उहाँको स्तुति र प्रशंसा यसरी गाएका पनि तिनीहरूले बिर्से: "हे परमप्रभु, देवताहरूमा तपाईंझैँ को छ र? पवित्रतामा अति महान्, महिमामा भययोग्य, र उदेकका कर्म गर्नुहुने तपाईंझैँ को छ र?" *(प्रस्थान १५:११)*।

तैपनि तिनीहरूका गुनासो र कचकचको बाबजूद तिनीहरूलाई कुनै रोग वा मिश्रीहरूमा परेको महामारी तिनीहरूमा नपर्ने प्रतिज्ञा प्रभुले गर्नुभएको थियो *(प्रस्थान १५:२६)*। उहाँले तिनीहरूलाई सुरक्षा दिनुहुनेथियो। तर उहाँमा बफादारी भएर बसे मात्र त्यो प्रतिज्ञा कार्यान्वयन हुनेथियो।

**के दुःख, कष्ट, सङ्घर्षहरू तपाईं आफैले तपाईंमाथि ल्याउनुभएको छ? जे भए तापनि परमेश्वर तपाईंलाई त्याग्नुहुन्न र उहाँसँग सहकार्य गरेको उहाँ चाहनुहुन्छ भन्ने धारणाले तपाईंलाई के सान्त्वना दिन्छ?**

# बट्टाई र मन्ना

ती यात्रीहरूका कथाहरूमा तिनीहरूले विद्रोह गरेका घटनाहरू बारम्बार दोहोरिएको दुःखद विवरणहरू दुर्भाग्यवस पाइन्छ। परमेश्वरका शक्तिशाली हातका कामहरू बिर्सन तिनीहरू कुख्यात थिए। विगत समयमा तिनीहरूका समस्याहरूलाई उहाँले सुल्झाउनुभएको यादहरू तिनीहरूले बेवास्ता गर्न पुगेका थिए। वर्तमान समस्याहरूले गर्दा तिनीहरूका अन्तिम लक्ष्य र भविष्यको उदेकको प्रतिज्ञालाई पनि तिनीहरूले बिर्सेका थिए। यो आज पनि परमेश्वरका जनहरूका साधारण समस्या नै हो भन्नुपर्छ।

पढ्नुहोस्: **प्रस्थान १६:१-३६ पढ्नुहोस्। इस्राएलीहरू किन गनगन गरे र पछि के भयो?**

________________________________________

________________________________________

बाइबलमा भएका गनगन, कचकच र प्रलोभनहरू प्रायः जसो खानासँग सम्बधित थियो भनेर बुझ्नु जरुरी छ। अदनको बगैँचामा पनि निषेधित असल र खराबको ज्ञान दिने फल खाएकोमा आदम र हव्वाको पतन भएको थियो *(उत्पत्ति २:१६, १७; उत्पत्ति ३:१-६)*। उजाड स्थानमा येशू पर्नुभएको परीक्षामा शैतानको पहिलो प्रहार नै खानासँग सम्बधित थियो *(मत्ती ४:३)*। एसावले आफ्नो जेठो पुत्रको हक गुमायो, त्योचाहिँ उसकै भोकलाई अनुशासनमा राख्न नसेकोले हो *(उत्पत्ति २५:२९-३४)*। खाना र पिउनकै लागि कतिपय समयमा इस्राएलीहरू अवज्ञामा परेका थिए। त्यसैकारण, मोशाले पछिका पुस्तालाई दिएको अर्तिप्रति अचम्म मान्नुपर्दैन: “मानिस भोजनले मात्र होइन, तर परमप्रभुको मुखबाट निस्केको प्रत्येक वचनले जिउँछ” *(व्यवस्था ८:३)*।

अवश्य पनि, मन्ना स्वर्गीय रोटी थियो जुन परमेश्वरले इस्राएलीहरूलाई उजाडस्थानमा भएको ४० वर्षको बसोबासको क्रममा प्रदान गर्नुभयो। यस

उपहारद्वारा उहाँले तिनीहरूलाई सिकाउनुभयो कि उहाँ नै सबै कुराको सृष्टिकर्ता हुनुहुन्छ र सबै कुरा उहाँले नै दिनुहुन्छ। साथै, परमेश्वरले तिनीहरूलाई सातौँ-दिनको शबाथ कसरी पालना गर्ने भनेर देखाउनको लागि अलौकिक तिरकाले मन्ना प्रदान गर्नुभयो।

प्रत्येक हप्ता अलौकिक कामहरू परमेश्वरले गर्नुभएको थियो: (१) हप्ताको पाँच दिनसम्म आवश्यक भएको दैनिक मन्ना तिनीहरूलाई दिइएको थियो, (२) शुक्रबार त्यसको दोबर थियो; (३) शुक्रबारदेखि राखेकको मन्ना शनिबारमा पनि सडेको थिएन; र (४) शबाथमा मन्ना वर्षेन। यी अलौकिक कामहरू परमेश्वरले गरिरहनुभएको थियो ताकि तिनीहरूले शबाथलाई याद गरून् र उहाँको असल गुणहरू त्यस दिनमा हर्षोल्लाससाथ मनाऊन्। परमेश्वरले भन्नुभयो: “यो दिमागमा राखिछाड, कि परमप्रभुले तिमीहरूलाई शबाथ दिनुभएको छ” *(प्रस्थान १६:२९)*।

**निसन्देह हामीलाई खान मन पर्छ। खानको निम्ति पनि हामीलाई सृष्टि गरिएको हो। जमिनमा प्रशस्त फलेका खानाहरूले नै प्रमाणित गर्छन् कि परमेश्वरले हामी खाएको चाहनुहुन्छ। हामीले के खान पाएका छौं, त्यो हामीले रमाइलो मानेर नै खानुपर्छ। यो अचम्मको उपहार परमेश्वरले हामीलाई दिनुभए तापनि त्यसलाई हामीले कसरी दुरुपयोग गर्न सक्छौं?**

___

# चट्टानबाट पानी

मरुभूमि वा उजाडस्थानमा धेरै पानीको आवश्यकता हुन्छ। तिनीहरूका समस्यालाई परमेश्वरले समाधान गर्नुभएको थियो। मानिसहरू झगडालु थिए, उहाँमाथि धेरै भरोसा राखेका थिएनन्, र पानी दिने उहाँको चाहना र सक्षमतालाई तिनीहरूले जाँचेका थिए। विश्वासको कमीले गर्दा तिनीहरूले मिश्रदेशको सम्झना गरेका थिए। तैपनि उहाँ तिनीहरूप्रति सदाशयता देखाउनुभयो।

पढ्नुहोस्: **प्रस्थान १७:१-७ पढ्नुहोस्। यस घटनाबाट मानिसहरूले के सिक्नुपर्थ्यो?**

________________________________________

________________________________________

मोशाले त्यस ठाउँलाई *मस्सा* भनेका थिए। त्यसको अर्थ "जाँच्नु" हो। र *मेरीबा* भने, जसको अर्थ "झगडालु।" तिनीहरूका अविश्वासको बाबजूद पनि परमेश्वरले तिनीहरूलाई पानी उपलब्ध गराउनुभयो। ती दुई नाउँहरूले परमेश्वरलाई नजाँच्नु र उहाँसँग झगडा नगर्नु भनेर तिनीहरूलाई याद दिलाउनुपर्थ्यो *(हिब्रू ३:७, ८, १५)*। तिनीहरूसँग परमेश्वरको उपस्थिति भयो भन्ने कुरालाई तिनीहरूले गम्भीर प्रश्न गरेका थिए। उहाँको उपस्थिति मात्र होइन, उहाँको शक्ति र अधिकारको बारेमा तिनीहरूमा प्रत्यक्ष प्रमाण थियो, तैपनि उहाँमा तिनीहरूको विश्वास थिएन भनेर तिनीहरूले देखाएका थिए।

"मोशाले चट्टानमा हाने, तर मोशाको साथमा बादलको खम्बामा परमेश्वरको पुत्र हुनुहुन्थ्यो। उहाँले नै पानी उपलब्ध गराउनुभएको थियो। मोशा र अगुवाहरू मात्र होइन, सबै इस्राएलीहरू टाढा रहेर प्रभुको महिमा देखेका थिए। यदि बादल हटेको भए उहाँका भयानक चमकले सबै भष्म हुन्थे।"—एलेन जी. ह्वाइट, *पाट्रियार्क्स एण्ड प्रोफेटस*, पृ. २९८।

पानी जीवनको प्रतीक हो। पानीविना जीवन छैन। हाम्रो शरीरको प्रत्येक कोषमा पानी चाहिन्छ। हाम्रो शरीर ६० प्रतिशत पानी हो। हाम्रा हाडहरू पनि पानीकै केही भागले बनेका हुन्छन्। मरुभूमिमा तिनीहरूलाई पानी उपलब्ध गराएकोले यो बताउँथ्यो कि परमेश्वरले तिनीहरूका आवश्यकताको वास्ता गर्नुहुन्छ। उहाँमाथि भरोसा राखेको उहाँले अपेक्षा गर्नुभएको थियो तर तिनीहरूले अवज्ञा गरे।

धेरै शताब्दीपछि पावलले १ कोरन्थी १०:४मा विश्वासीहरूलाई यो बताउँछन् कि मरुभूमिमा इस्राएलहरूको अनुभव विशेष थियो। ख्रीष्ट आफैले तिनीहरूलाई अगुवाइ मात्र गर्नुभएन तर पानी पनि उपलब्ध गराउनुभएको थियो *(भजनसंग्रह ७८:१५, १६)* साथै उहाँले नै तिनीहरूको आत्मिक र भौतिक आवश्यकता पूरा गर्नुभएको थियो। पावलले घोषणा गरेका थिए कि "त्यो चट्टान येशू नै हुनुहुन्छ।" तिनीहरूका निम्ति येशू ख्रीष्ट जीवनको स्रोत हुनुहुन्थ्यो र अनन्त जीवन दिने दाता हुनुहुन्थ्यो। उहाँ उहाँका प्रतिज्ञाहरूबाट विचलित नहुने भएकोले सबैले उहाँमाथि भरोसा राख्नु अनिवार्य छ।

**अहिले नै तपाईंले के-के कुरामा परमेश्वरमाथि भरोसा राख्नुपर्नेछ? उहाँको इच्छामा तपाईं समर्पित भएर उहाँले उहाँकै समयमा काम गर्नुहुन्छ भनेर तपाईं कसरी पर्खिनुहुन्छ? यो सधैँ सजिलो त किन छैन?**

# यित्रो

मोशालाई भेट्न उनका ससुरा यित्रो आएका थिए। उनलाई रूएल पनि भनिन्छ (प्रस्थान २:१८)। यित्रोले मोशाका श्रीमती सिप्पोरा र उनका दुई छोराहरू गेर्शोम र एलीएजरलाई ल्याएका थिए। जब मोशाले तिनीहरू आएका थाहा पाए, तिनीहरूलाई भेट्न उनी गए।

पढ्नुहोस्: **प्रस्थान १८:१-२७ पढ्नुहोस्। इस्राएली राष्ट्रको इतिहिसमा के दुई कदमहरू चालिएको थियो?**

इस्राएलीहरूलाई परमेश्वरले आश्चर्य र अलौकिक तरिकाले मिश्रदेशबाट उद्धार गर्नुभएको विवरण मोशाले विस्तृतरूपमा यित्रोलाई सुनाएका थिए: "परमप्रभुले इस्राएलीहरूका खातिर फारो र मिश्रीहरूलाई के-कसो गर्नुभयो, र बाटोमा तिनीहरूलाई के-के कष्ट भयो, र परमप्रभुले कसरी तिनीहरूलाई छुटकारा दिनुभयो सो वृत्तान्त मोशाले आफ्ना ससुरालाई सुनाए। तिनीहरूलाई मिश्रीहरूका हातबाट छुटकारा दिएर ल्याउनुहुँदा इस्राएलीहरूका निम्ति परमप्रभुले गर्नुभएका सबै कल्याणको कारण यित्रो खुशी भए" *(प्रस्थान १८:८, ९)*।

परमेश्वरको दया, निगाहा र असाधारण रूपमा उहाँका जनहरूका निम्ति गर्नुभएको अलौकिक हस्तक्षेपको निम्ति यित्रोले उहाँको स्तुति प्रशंसा व्यक्त गरे: "यित्रोले भने, 'तिमीहरूलाई मिश्रीहरू र फारोका हातबाट छुटाउनुहुने परमप्रभुको प्रशंसा होस्। अब मलाई थाहा भयो कि परमप्रभु सारा देवताहरूभन्दा महान् हुनुहुँदोरहेछ, किनकि जब मिश्रीहरूले इस्राएलीहरूमाथि अभिमानी व्यवहार गरे तब उहाँले उनीहरूलाई त्यसो गर्नुभयो'" *(प्रस्थान १८:१०-११)*।

परमेश्वरले आफ्ना जनहरूका निम्ति के गर्नुभयो सो संसारको निम्ति गवाहीको रूपमा प्रस्तुत गरेको हामी यहाँ देख्छौं। उहाँ सत्य सनातन परमेश्वर हुनुभएको कुरा र उहाँका जनहरूका निम्ति उहाँले के गर्न सक्नुहुन्छ भन्ने कुरा सबैले सुन्नुपर्छ भनेर यहाँ देखाइएको छ।

जब यित्रोले सत्य परमेश्वरको बारेमा सुने तब परमेश्वरका जनहरूको निम्ति उहाँले केही दिन चाहनुभएको थियो: बुद्धिमानी र फाइदाजनक सल्लाह। मोशाले ठिक र न्यायोचित कानुनी पद्धति वा नीतिहरू अपनाएर आफ्नो काम सुसङ्गठित गर्नुपरेको थियो। बफादारी, समर्पित र नैतिक रूपमा इमान्दारी हाकिम वा न्यायकर्ताहरूको आवश्यक मोशालाई थियो। ती मानिसहरूको योग्यता यित्रोले बढो बुद्धिमानी देखाएर प्रस्तुत गरे: (१) ती मानिसहरूले परमेश्वरको भय मान्नुपर्छ वा उहाँप्रति अगाढ श्रद्धा राख्नुपर्छ; (२) मानिसहरू जो भरपर्दो र विश्वासयोग्य हुनुपर्छ; र (३) बेइमानसाथ धन कमाउने प्रवृत्तिलाई घृणा गरेका मानिसहरू हुनुपर्छ। असल चरित्र र खुबी भएका मानिसहरू विभिन्न समूहलाई रेखदेख गर्नको लागि नियुक्त गर्नुपर्छ। हजार, सय, पचास र दश जनाका नाइकेहरू नियुक्त गर्नुपर्छ। यसो गर्दा मोशाको प्रशासनिक भार कम हुन्थ्यो। उनले महत्त्वपूर्ण समस्याहरूमा ध्यान दिन सक्थ्यो। यसरी मानिसहरूको सेवा उचित तवरले गरिन्थ्यो।

मोशाले यित्रोको बुद्धिमानी सल्लाह माने *(प्रस्थान १८:२४)* र विभिन्न प्रशासनिक भूमिकाहरू हेर्न नाइकेहरू नियुक्त गरे *(व्यवस्था १:९-१८ पनि हेर्नुहोस्)*।

**बुढो मानिसको सल्लाहलाई मोशाले बेवास्ता गर्न सक्थे र आफ्नो कुरा आफैमा राख्नु भनेर भन्न सक्थे। तर उनले त्यसो गरेन। यसबाट हामी के पाठ सिक्न सक्छौं कि मोशाले आफ्नै जात यहूदी नभएको व्यक्तिको सल्लाह मान्न तयार भए?**

# जीवनका रोटी र पानी

पढ्नुहोस्: **१ कोरन्थी १०:११ पढ्नुहोस्। इस्राएलीहरूको मरुभूमिको यात्रामा जे भयो त्यसको अभिलेख राख्नुको कारण के थियो भनेर पावलले हामीलाई के बताउँछ?**

---

---

जे-जति इस्राएलको इतिहासमा भए ती सबै येशूका भक्तहरूका निम्ति उदाहरण र चेतावनीका रूपमा लेखा राखिएको हो ताकि त्यही समस्याहरू आउँदा तिनीहरूबाट कसरी पन्छिने भनेर ख्रीष्टका भक्तहरू सबल हुन सकून्। ती उदाहरणहरूबाट तिनीहरूले सिकोस् भनेर लेखा राखिएको हो। यो हाम्रो निम्ति अत्यन्तै महत्त्वपूर्ण शिक्षाप्रद निर्देशन हो। हामीहरू युगको अन्तमा छौं। परमेश्वरले उहाँका जनहरूलाई बल वा शक्ति, प्रेम र स्व-अनुशासन प्रदान गर्न पवित्र आत्मा दिनुभएको छ *(२ तिमोथी १:६, ७)*। तिनीहरूले आफ्ना निर्णयहरूलाई सच्याओस् र उहाँका शिक्षाहरूलाई पालन गरून् भनेर नै उहाँले पवित्र आत्मा तिनीहरूलाई दिनुभएको हो। येशू ख्रीष्ट नयाँ जीवनका स्रोत हुनुहुन्छ *(यूहन्ना १४:६)*। उहाँको चाहनाअनुसार हामी पनि कस्तो आचरण भएका येशूभक्तहरू हुनुपर्छ भनेर पावलले यसरी बताउँछन्, "भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर। यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक" *(रोमी १२:१-२)*।

पछि येशूले आफ्ना सेवाकार्यमा पुरानो करारका लेखाहरूलाई टिप्नुहुन्छ र प्रस्तुत गर्नुहुन्छ। उहाँले विशेष गरेर मन्ना र पानीको विषयमा सम्बोधन गर्नुहुन्छ। ती मन्ना र पानीद्वारा आफ्नै बारेमा सत्य ज्ञान उहाँले

चित्रण गर्नुभयो; उहाँले नै ती इस्राएलीहरूलाई मरुभूमिको यात्रामा अगुवाइ गर्नुभएको थियो।

**पढ्नुहोस्: यूहन्ना ४:७-१५ र ६:३१-५१ पढ्नुहोस्। हामी येशूभक्तहरूलाई यहाँ के सत्यहरू प्रकट गरिएको छ?**

---

---

आफूले कहीँ नपाएको थोक येशूले दिनुहुन्छ भनेर सामरी स्त्रीले पत्ता लगाएकी थिइन्। भित्री आन्तरिक शान्ति, आनन्द र खुशी परमेश्वरबाट आउँछ र उहाँले मात्र हामीलाई सन्तुष्ट गर्न सक्नुहुन्छ *(भजनसंग्रह ४२:१, २)*।

पछि मन्नाको सन्दर्भमा येशूले सुनाउनुभयो कि मोशा होइन परमेश्वरले मन्ना उपलब्ध गराउनुभएको थियो। उहाँले घोषणा गर्नुभयो: "जीवनको रोटी म हुँ। मकहाँ आउने भोकाउनेछैन" *(यूहन्ना ६:३५)*। उहाँले आफू जीवनको रोटी हुँ भनेर दुई पल्ट भन्नुभएको थियो *(यूहन्ना ६:३५, ४१, ४८)*।

जसरी मरुभूमिमा परेको मन्ना स्वर्गबाट रोटी थियो *(यूहन्ना ६:३१, ३२)*, त्यसरी नै चट्टानबाट निस्केको पानी येशूको उपहार थियो जसले तिनीहरूका तिर्खालाई मेटाउनेथियो। भौतिक पक्षबाहेक, रोटी र पानीको आत्मिक महत्त्व छ। येशू जीवनको रोटी हुनुहुन्छ *(यूहन्ना ६:३५, ४८)* र जीवित पानी हुनुहुन्छ *(यूहन्ना ४:१०, ११, १४; यूहन्ना ७:३७, ३८)*। केवल उहाँमा मात्र हाम्रा आत्मिक तिर्खा र भोक मेटाउन सकिन्छ।

**थप जानकारी:** एलेन जी. ह्वाइट, *पाट्रियार्क्स एण्ड प्रोफेटसको* पृ. २९१-३०२को "फ्रम द रेड सी टु साइनाइ" भन्ने अध्याय पढ्नुहोस्।

पानीको घटनापछि सारा इस्राएलीहरूले अर्को नयाँ खतराको सामना गर्नुपर्‍यो *(प्रस्थान १७:८-१६ हेर्नुहोस्)*। अमालेकीहरू डरलाग्दो र लडाइँ गर्ने जाति थिए। तिनीहरूले इस्राएलीहरूलाई आक्रमण गरे। "ती अमालेकीहरू परमेश्वरको स्वभाव र सार्वभौमसत्ताप्रति अपरिचित थिएनन्, तैपनि तिनीहरू उहाँको भय मान्नुको सट्टा उहाँको शक्तिको प्रतिरोध गर्न तम्सिए। मिश्रीहरूका अगाडि मोशाले ल्याएका अचम्मका कामहरूप्रति अमालेकीहरूले हँस्सी उडाएका थिए। वरिपरि रहेका राष्ट्रहरूमा हुनुपर्ने भय हुनुको सट्टा तिनीहरूले हँस्सी उठाएका थिए। तिनीहरूले आफ्ना देवी र देवताहरूका नाउँमा हिब्रूहरूलाई नाश गर्ने शपथ खाएका थिए। तिनीहरूमा कोही पनि नबच्ने भनेर किरिया खाएका थिए। इस्राएलका परमेश्वर तिनीहरूका सामु शक्तिहिन छन् भनेर तिनीहरूले अभिमान गरेका थिए। इस्राएलीहरूले तिनीहरूलाई कुनै हानी गरेका थिएनन् न त तिनीहरूको उपस्थिति अमालेकीहरूका निम्ति धम्किको रूपमा थियो। इस्राएलीहरूमाथि तिनीहरूको आक्रमण नाजायज थियो। परमेश्वरप्रति घृणा र विरोध गरेको हाँक गर्दै उहाँका जनहरूलाई तिनीहरूले नाश गर्न खोजेका थिए। अमालेकीहरू घनघोर पापी र दुष्टहरू थिए। तिनीहरूका अपराधहरूका आवाजहरू परमेश्वरमा पुगेको थियो ताकि तिनीहरूलाई उहाँले बदला लिऊन्। उहाँको दयाले तिनीहरूबाट पश्चात्ताप गर्ने अपेक्षा गरिएको थियो। जब अमालेकी फौज थकित र निरीह इस्राएलीहरूमाथि पर्‍यो, तिनीहरूका राष्ट्रको विनाश तिनीहरूले नै निम्त्याएका थिए।"—*पाट्रियार्क्स एण्ड प्रोफेटस*, पृ. ३००।

## छलफलको लागि प्रश्नहरू:

१. सत्य परमेश्वरले आफ्ना जनहरूलाई के गर्नुभयो त्यसको बारेमा यित्रोले कसरी सिके भन्ने धारणालाई अझ धेरै सोच्नुहोस् *(प्रस्थान १८:८-१०)*। यही नीति आज पनि किन सत्य छ? हाम्रो चर्चले समाजको सामु कस्तो गवाही दिइरहेका छन्? हाम्रै जीवनले संसारलाई हाम्रा परमेश्वरका स्वभाव र चरित्रको विषयमा कसरी प्रकट गरिरहेको छ?

२. १ कोरन्थी १०:४ फेरि पढ्नुहोस्। पौराणिक भ्रष्ट अपधर्मको विषयमा त्यसले हामीलाई के सिकाउँछ? कतिपय इसाईहरूले नै पुरानो करारका परमेश्वरमा प्रतिशोधको भावना छ, उहाँ रिसाह हुनुहुन्छ र क्षमाशील हुनुहुन्न जुन येशूको विपरित छ भनेर सिकाउँछन्। उपर्युक्त पदले त्यो धारणा किन गलत छ भनेर प्रकट गर्छ?

३. अमालेकीहरूले परमेश्वरको बारेमा सिक्ने अवसर पाएका थिए भनेर एलेन जी. ह्वाइटले व्यक्त गरेका भावना सोच्नुहोस्। त्यसको विपरित यित्रोको मनस्थिति कस्तो थियो? तिनीहरूलाई मात्र होइन, पौराणिक इतिहासका धेरै जातिहरूलाई परमेश्वरले गर्नुभएको न्यायबाट हामीले के सिक्न सक्छौं?

# विशेष अभियानः पुनर्वास

*लेखक:* आन्ड्यु मेकचेस्नी

तिन वटा घातन नहुने ट्युमरहरू हटाउने शल्यक्रिया गरेपछि, जर्मनीमा बस्ने रूसी मिसनरी डिमित्री बागललाई पुनः स्वस्थ पार्नको लागि जर्मनीको तल्लो बाभेरियाको एक छुट्टै रिसोर्टमा पठाइएको थियो। त्यहाँ पनि उनले एउटा नयाँ मिसन क्षेत्र फेला पारे। त्यहाँ पनि परमेश्वरलाई नमान्ने र भूतपूर्व इसाईहरू थिए। त्यहाँ पनि तिनीहरूका हृदयमा परमेश्वरले काम गरिरहनुभएको थियो।

एक अपराह्न, डिमित्री ग्रीक रेस्टुरेन्टमा गए जहाँ मानिसहरू खाना खान भेला भएका थिए। तिनीहरूले रेस्टुरेन्ट बन्द भएको कुरा बताए। "के तपाईंहरूलाई किताब पढ्न मन पर्छ?" डिमित्रीले तिनीहरूलाई सोधे।

एक जना मानिसले मात्र जवाफ दियो। बाक्लो इटालियन भाषापट्टि गएको लबजमा उसले भन्यो कि उसले चलचित्र हेर्न मन पराउँछ र आफ्नो जीवनमा केवल एउटा पुस्तक, बाइबल पढेको थियो। डिमित्रीले उसलाई द *ग्रेट कन्ट्रोभर्सी* दिए। यो पुस्तकले इतिहासमा भएको विशेष गरी असल र खराब बीचमा भइरहेको सङ्घर्षको एक अद्वितीय चित्रण गर्छ भनेर उनले सुनाए। त्यो मानिसले पछाडिको आवरण पढ्यो। "म साँच्चै यो पुस्तक पढ्न चाहन्छु!" उनले भने। तर उसले सित्तैमा पुस्तक चाहँदैनथ्यो। उसले डिमित्रीलाई केही पैसा दियो।

अर्को दिन, डिमित्री घुम्न जाँदा बेन्चमा एक अपरिचित व्यक्तिको छेउमा बस्न गए। ती दुई जनामा कुराकानी भयो। त्यस मानिस आफू किसानी भएको बतायो। ऊसँग फुर्सद छैन भन्यो। उसको थ्रेशिङ्ग वा धान झार्ने मेशिन बिग्रिएको थियो। ऊ मर्मत हुने प्रतीक्षामा थियो। "के तपाईंलाई किताबहरू पढ्न मन पर्छ?" डिमित्रीले उसलाई सोधे।

आफूले किताब पढ्न नचाहेको त्यस मानिसले भन्यो। तर आफ्नी श्रीमतीलाई पढ्न मन पर्छ भन्यो। डिमित्रीले उसलाई उनकी श्रीमतीको लागि द *ग्रेट कन्त्रोभर्सी* दिए। ती मानिसले पछाडिको आवरण पढे र आफूले पनि त्यस किताब पढ्न चाहेको बतायो।

घुम्दैजाँदा डिमित्रीले बम्पर स्टिकर भएको कार देखे। यसमा लेखिएको थियो, "जर्मनीमा परमेश्वरले आश्चर्य काम गर्नुहुन्छ।" कारको मालिकलाई भेट्न चाहेकोले उनले कारको अगाडि घरको ढोकाको घण्टी बजाए। ढोकामा उनले एउटा चिन्ह देखे, "हाम्रो आफ्नै मौरीको घारबाट मह।" एउटी महिलाले ढोका खोलिन्, उनले महको बारेमा सोधिन्। ती दुईले केही मिनेट महको बारेमा र त्यसपछि विश्वासको बारेमा कुरा गरे। येशूले आश्चर्य तरिकाले उनको रोग निको पार्नुभएको थियो ती महिलाले भनिन्। डिमित्रीले महको एक जार किने र उनलाई उपहारको रूपमा एउटा पुस्तक छान्न अनुरोध गरे: *द डिजायर अफ एजेज* वा द *ग्रेट कन्ट्रोभर्सी*। उनले द *डिजायर अफ एजेज* रोजिन्। डिमित्रीलाई धन्यवाद दिँदै उनले उनलाई उपहारको रूपमा दोस्रो जार मह दिइन्। डिमित्रीले पनि उनलाई अर्को पुस्तक, द *ग्रेट कन्ट्रोभर्सी*, दिएर धन्यवाद दिए। दुवै जना आफ्ना अचम्मको भेटघाटले खुसी भएका थिए।

पुनः स्वस्थ पार्ने बसाइको एक महिनामा डिमित्रीले द *ग्रेट कन्ट्रोभर्सी* लगभग ५० प्रतिहरू वितरण गरे र जर्मनीमा आफ्नो मिसन कार्यको केन्द्रबिन्दु परिवर्तन गरे। "मलाई पुस्तकहरू बाँड्न धेरै मन परेको कारणले म छापिएका सामग्री प्रचारक बन्ने तयारी गर्दैछु," उनले भने।

